# नेपाल पत्रकार महासंघ

## जिल्ला शाखा, बाँके

पत्र संख्या नं. :
चलानी नं.:

मिति: २०८२/११/१८ गते


अध्यक्ष
नवीन गिरी

उपाध्यक्ष
तिलक गाउँले
रेजिना मल्ल
करुणा शाह

सचिव
कृष्ण ओली

सह-सचिव
रविन्द्र सिंह ठकुरी
भगतराम थारु

कोषाध्यक्ष
सुनिल रेग्मी

सदस्यहरु
समिरमान श्रेष्ठ
कृष्णराज अधिकारी
धना विष्ट के.सी.
सावित्री विश्वकर्मा
रविन्द्र घिमिरे
शम्भुप्रसाद थारु
सजनकुमार आरसी
पहलबहादुर केसी
यदुराज मिश्र
रजनीकुमारी योगी
आशा परियार
निर्मला चौधरी
सलामत अलि शेष

सल्लाहकार
दामोदर भण्डारी
प्रदिप वाग्ले


### हार्दिक अपील !

मुलुक निर्वाचनमा होमिएको छ। संवैधानिक जटिलतालाई सरलीकृत गर्दै लोकतान्त्रिक मूल्य र मान्यताहरूको संस्थागत विकासका लागि फागुन २१ गते हुने निर्वाचन मुलुकका लागि 'प्राणवायु' हो। निर्वाचन लोकतन्त्रको आधार स्तम्भ त हो नै, प्रतिकूलतालाई अनुकूलतामा बदल्ने वैधानिक तागत पनि हो। जेन-जी विद्रोहपछि नियमित समय अगावै हुन लागेको यो निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र विश्वसनीय वातावरणमा सम्पन्न गराउन पत्रकार र आमसञ्चार जगतको अहम् भूमिका रहन्छ। निर्वाचन निष्पक्षताको कसीमा जति प्रखर रहन्छ, त्यसले बालिग मताधिकारको सही बिम्बलाई त्यही रूपमा 'प्रतिबिम्बित' गर्दछ। यसका लागि 'वाच डग' को रूपमा मिडियाको भूमिका बाञ्छनीय हुन्छ। मतदान प्रक्रियामा जति धेरै नागरिक सहभागिता रहन्छ, त्यो त्यति नै ओजिलो र निर्णायक बन्दछ। तसर्थ, आम-मतदातालाई आफ्नो गोप्य बालिग मताधिकारको प्रयोगका निम्ति अभिप्रेरित गर्न मिडिया 'पैरवी' निरन्तर हुनुपर्दछ। नेपाल पत्रकार महासंघ बाँके फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई 'उत्सव' का रूपमा लिँदै आफ्ना प्रतिनिधि आफैं जान्ने उच्चतम् ब्यवस्थाको सदुपयोग गर्न हार्दिक आह्वान गर्दछ। फागुन १८ गते सोमबार राति १२ बजेदेखि मौन अवधि सुरु हुने भएकाले निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गर्न नेपाल पत्रकार महासंघ बाँके शाखा सम्पूर्ण सञ्चारकर्मी एवम् सञ्चार गृहहरूलाई आग्रह समेत गर्दछ। मौन अवधिमा कुनै पनि उम्मेदवार, दल वा पक्ष-विपक्षलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्ने सामग्री प्रकाशन तथा प्रशारण नगर्न विशेष ध्यान दिन आग्रह छ।

सत्य, सन्तुलित र विश्वसनीय समाचार सम्प्रेषण गर्दै व्यवसायिक मर्यादा र पत्रकारिताको आचारसंहिता पालना गर्न महासंघ सम्पूर्ण पत्रकारहरूलाई आह्वान गर्दछ। पत्रकारहरूका लागि निर्बाध रिपोर्टिङको व्यवस्था मिलाउन पनि हामी सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछौं। निर्वाचन अवधिमा उच्च मनोबलका साथ कार्यस्थलमा खटिन र जिम्मेवार पत्रकारितामार्फत निर्वाचन प्रक्रियालाई सफल बनाउने भूमिका निर्वाह गर्न महासंघ आग्रह गर्दछ। निर्वाचनको समयमा पत्रकारहरूलाई समाचार संकलन, लेखन र प्रशारणमा कुनै पनि अवरोध नगर्न आग्रह गर्दै सूचना तथा प्रशारण विभागबाट 'पत्रकार परिचय पत्र' प्राप्त गरेका वा महासंघ बाँके शाखाको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति पत्र लिएका पत्रकारहरूलाई निर्बाध रूपमा आवतजावतको भरपर्दो ब्यवस्था मिलाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछौं। निर्वाचनमा खटिने पत्रकारहरूको भौतिक सुरक्षा र पेशागत अधिकार सुनिश्चित गर्न पनि हामी सरोकारवाला पक्षलाई सचेत गराउँदछौं। संविधानले सुनिश्चित गरेको पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दै निर्वाचन आचारसंहिताको पूर्ण परिपालनामा प्रतिबद्ध रहन पनि महासंघ बाँके शाखा सबै सञ्चारकर्मीहरूलाई हार्दिक अपील गर्दछ। निर्वाचन लोकतन्त्रको महत्वपूर्ण अभ्यास भएकाले यसलाई स्वच्छ, पारदर्शी र विश्वसनीय बनाउन पत्रकार एवम् सञ्चार माध्यमहरूको भूमिका अत्यन्त संवेदनशील र जिम्मेवारपूर्ण हुन्छ। लोकतन्त्रको सुदृढीकरणका लागि जिम्मेवार पत्रकारिता अपरिहार्य रहेको दोहोर्याउँदै महासंघ बाँके शाखा सबै सञ्चारकर्मीलाई संयमित, तथ्यपरक र विश्वसनीय सूचना सम्प्रेषणमा प्रतिबद्ध रहन पुनः आग्रह गर्दछ।

साथै, फागुन १८ गते हिमाली र पहाडी तथा फागुन १९ गते तराईका जिल्लाहरूमा धुमधामका साथ मनाइँदै गरेको 'होली पर्व' को अवसरमा हार्दिक शुभकामना ब्यक्त गर्दछौं।

नवीन गिरी
अध्यक्ष


कार्यालय: नेपालगन्ज उपमहानगरपालिका-४, सञ्चारग्राम (बसपार्क) फोन नं.: ०८१-५२६५७७ E-mail: fnjbankebranch@gmail.com